नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

सिंहदरबार, काठमाडौं

# नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

## रगत तथा रक्त तत्वको विवरण BTDMS मा अनिवार्य रूपमा प्रविष्टि गरी अध्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस मन्त्रालय अन्तर्गत राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट संचालित **Blood Tracking and Donor Management System (BTDMS)** मा आवद्ध भई उक्त प्रणाली सञ्चालनको तालिम सम्पन्न भएका ३९ वटा रक्तसञ्चार केन्द्रहरूले आफ्नो केन्द्रमा मौज्दात रहेको रगत तथा रक्त तत्व (**Blood and Blood Components**) को विवरण **Real Time Data** अनिवार्य रूपमा प्रविष्टि तथा अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। यस BTDMS प्रणालीमा प्रविष्टि गरिएको विवरण यस मन्त्रालयको वेबसाइट https://freehealth.mohp.gov.np/blood-bank र नागरिक एप मार्फत समेत उपलब्ध हुने व्यवस्था गरिएको छ। यसबाट सर्वसाधारण नागरिकले आफूलाई आवश्यक पर्ने रगत वा रक्त तत्व कुन रक्तसञ्चार केन्द्रमा उपलब्ध छ र त्यसको मौज्दात परिमाण कति रहेको छ भन्ने जानकारी सहज रूपमा प्राप्त गर्न सक्नेछन्। यसले रक्त सञ्चार सेवा थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

हाल केही रक्तसञ्चार केन्द्रहरूले आफ्नो केन्द्रमा मौज्दात रहेको रगत तथा रक्त तत्वको सही विवरण BTDMS मा प्रविष्टि र अध्यावधिक नगरेको भन्ने गुनासो यस मन्त्रालयमा प्राप्त भएको छ। त्यसैले, तालिम सम्पन्न भएका ३९ वटै रक्तसञ्चार केन्द्रहरूलाई आफ्नो केन्द्रमा उपलब्ध रगत तथा रक्त तत्वको मौज्दात परिमाण, प्रकार तथा अन्य आवश्यक विवरण **BTDMS** मा तत्काल प्रविष्टि गरी नियमित रूपमा अद्यावधिक गर्न हार्दिक अनुरोध गरिन्छ। साथै, सम्बन्धित रक्तसञ्चार केन्द्रका प्रमुख तथा जिम्मेवार कर्मचारीहरूले प्रणालीमा प्रविष्टि गरिने विवरणको शुद्धता, पूर्णता र समयमै अद्यावधिक हुने सुनिश्चित गर्नुपर्नेछ। BTDMS मा विवरण प्रविष्टि तथा अध्यावधिक गर्ने कार्यलाई नियमित संस्थागत जिम्मेवारीका रूपमा कार्यान्वयन गर्न समेत सबै सम्बन्धित निकायलाई निर्देशित गरिन्छ।

यस सम्बन्धमा आवश्यक सहजीकरण तथा प्राविधिक सहयोगका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु काठमाडौंको फोन नं. ०१-५३५२४२१ मा सम्पर्क गर्नुहोला ।